बाइबलले वास्तवमा के सिकाउँछ?

# मरिसकेका प्रियजनहरूका लागि साँचो आशा (भाग २)

www.jw.org/ne मा उपलब्ध *बाइबलले वास्तवमा के सिकाउँछ?* किताबको अध्याय ७ मा आधारित।

**उद्देश्यः तपाईं के विश्वास गर्नुहुन्छ र किन गर्नुहुन्छ पत्ता लगाउनुहोस्, बाइबलले के सिकाउँछ जाँच्नुहोस् अनि तपाईं आफ्नो विश्वासबारे अरूलाई कसरी बताउन सक्नुहुन्छ थाह पाउनुहोस्।**



## मरेकाहरू पुनर्जीवित पारिनेछन् भनेर हामी कसरी विश्वस्त हुन सक्छौं?

### १ तपाईं के विश्वास गर्नुहुन्छ पत्ता लगाउनुहोस्

**तपाईं** के विश्वास गर्नुहुन्छ?

______________________________

______________________________

______________________________

तपाईं किन त्यस्तो विश्वास गर्नुहुन्छ?

______________________________

______________________________

______________________________



www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania

## २ बाइबलले के सिकाउँछ जाँच्नुहोस्

### यहोवासँग मरेकाहरूलाई फेरि जीवित पार्ने शक्ति छ र उहाँ त्यसो गर्न इच्छुक पनि हुनुहुन्छ।

(*बाइबलले सिकाउँछ* किताबको अध्याय ७ को अनुच्छेद ११-१५ हेर्नुहोस्।)

**यशैया ४०:२६ पढ्नुहोस्।**

यहोवाले खरबौं तारालाई पनि नामद्वारा बोलाउन सक्नुहुन्छ। त्यसैले उहाँले मरिसकेका हाम्रा प्रियजनहरूलाई सम्झन सक्नुहुन्छ भन्न सक्ने कस्ता आधारहरू छन्?

______________________________

______________________________

______________________________

**अय्यूब १४:१३-१५ पढ्नुहोस्।**

यहोवा मृत्युको सिकार भएका आफ्ना वफादार सेवकहरूलाई फेरि ब्युँताउन चाहनुहुन्छ भनेर यी बाइबल पदहरूबाट कसरी थाह पाउन सक्छौं?

______________________________

______________________________

______________________________



कुनै बुबाले आफ्नो छोरालाई निद्राबाट ब्यूँझाउनसके जस्तै यहोवाले पनि हामीलाई सजिलै पुनर्जीवित पार्न सक्नुहुन्छ


www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania

## पुनर्जीवनको आशा पूर्णतया बाइबलमा आधारित छ।

(*बाइबलले सिकाउँछ* किताबको अध्याय ७ को अनुच्छेद १६-२५ हेर्नुहोस्।)

**यूहन्ना ५:२८, २९; ११:२५ पढ्नुहोस्।**

मरिसकेकाहरूको निम्ति येशूले कस्तो प्रतिज्ञा गर्नुभयो?

**यशैया २५:८ पढ्नुहोस्।**

"परमप्रभुले यसै भन्नुभएको छ" भन्ने वाक्यांशले पुनर्जीवन पक्कै हुनेछ भन्ने कुरामा तपाईंलाई कसरी विश्वस्त पार्छ?

मानिसहरूलाई पुनर्जीवित पारिंदा तपाईं कसलाई भेट्न चाहनुहुन्छ र किन?



www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania

## ३ आफ्नो विश्वासबारे बताउनुहोस्

कसैले यसो भनेमा . . .

**मानिसहरूलाई पुनर्जीवित पारिन्छ भन्ने कुरा राम्रो सुनिन्छ। तर यो असम्भव छ।**

तपाईं यस्तो जवाफ दिन सक्नुहुन्छ . . .

**थुप्रैलाई त्यस्तै लाग्ला। तर म चाहिं अर्कै कुरामा विश्वास गर्छु किनभने . . .**

तपाईं उक्त व्यक्तिलाई कुन बाइबल पद देखाउन सक्नुहुन्छ?

उक्त व्यक्तिको विचारधारा मनमा राख्दै तपाईं त्यस बाइबल पदमा कसरी तर्क गर्न सक्नुहुन्छ?

कसैले यसो भनेमा . . .

**कसैलाई पुनर्जीवित पारिएको मैले देखेको छैन। आफ्नो आँखाले नदेखेसम्म कसरी पत्याउने?**

तपाईं यस्तो जवाफ दिन सक्नुहुन्छ . . .

**हुन त अहिले संसारमा बाँचेकाहरूमध्ये कसैले पनि कोही पुनर्जीवित भएको देखेको छैन। तर यो साँच्चै हुन्छ भनेर म विश्वस्त छु किनकि . . .**

तपाईं उक्त व्यक्तिलाई कुन बाइबल पद देखाउन सक्नुहुन्छ?

उक्त व्यक्तिको विचारधारा मनमा राख्दै तपाईं त्यस बाइबल पदमा कसरी तर्क गर्न सक्नुहुन्छ?


www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania